नेपाल सरकार

सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

**निजामती सेवामा कार्यरत कर्मचारीहरुलाई EMBA अध्ययनको लागि छात्रवृतिको अवसर सम्वन्धी सूचना**

(सूचना प्रकाशित मिति २०७२/१२/११)

शैक्षिक सत्र २०१६-२०१८ को लागि निजामती सेवामा कार्यरत कर्मचारीहरुलाई EMBA (Executive Masters of Business Administration) अध्ययनको लागि छात्रवृतिको अवसर सम्वन्धी विस्तृत जानकारी यस मन्त्रालयको www.moga.gov.np मा उपलव्ध छ । यस सम्वन्धमा गोरखापत्रमा सूचना प्रकाशित मितिले १५ (पन्द्र) दिनभित्र तोकिएको ढाँचामा यस मन्त्रालयमा आइपुग्ने गरी आवेदन पेश गर्नु हुन सम्वन्धित सवै इच्छुक निजामती कर्मचारीहरुलाई जानकारीको लागि सूचित गरिन्छ । थप जानकारीको लागि यस मन्त्रालयमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

नेपाल सरकार

सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

(सूचना प्रकाशित मिति २०७२/१२/११)

यस मन्त्रालयको आ.व. २०७२/७३ को वार्षिक कार्यक्रम अनुसार शैक्षिक सत्र २०१६ -१८ मा ४ सेमेष्टर (दुइ वर्ष) मा संचालन हुने EMBA (Executive Masters of Business Administration) अध्ययन कार्यक्रममा सात जना निजामती कर्मचारीहरुलाई छात्रवृतिमा अध्ययन गराउनको लागि वजेट विनियोजन भएको र उक्त अध्ययन कार्यक्रम पुरा गर्न प्रति विधार्थी रु.२,००,०००।- (दुई लाख) मा नबढ्ने गरि सो कार्यक्रम संचालन गर्नका लागि देहायका शर्तहरु पुरा भएका इच्छुक संस्थाहरुले १५ दिन भित्र यस मन्त्रालय (जनशक्ति विकाश शाखा) मा आइपुग्ने गरि प्रस्ताव पेश गर्नु हुन यसै सूचनाबाट आव्हान गरिएको छ ।

शर्तहरुः

१. विगत चार वर्षदेखि EMBA कार्यक्रम संचालन गरेको हुनु पर्नेछ ।

२. कार्यालय समयलाई असर नपर्ने गरि कक्षा संचालन गर्नु पर्नेछ ।

३. प्रत्येक सेमेष्टरमा एक कक्षामा कम्तिमा पनि १० जना विधार्थी भएको हुनु पर्नेछ ।

४. नेपाल सरकारले मनोनयन गरेका कम्तिमा सातजना निजामती कर्मचारीहरुलाई अध्यापन गराउनु पर्नेछ ।

५. नेपाल सरकारबाट मनोनयन भएका सात जनाका अतिरिक्त समावेशी तर्फका एकजना निजामती कर्मचारीलाई त्यस संस्थाको तर्फबाट निः शुल्क अध्यापन गराउनु पर्नेछ । नेपाल सरकारबाट मनोनयन भएका आठ जना निजामती कर्मचारीलाई अध्यापन गराए वापत नेपाल सरकारबाट त्यस संस्थालाई सात जनाको मात्र शुल्क भुक्तानी हुने गरि सम्झौता गरिनेछ । एक जना निजामती कर्मचारीको शुल्क त्यस अध्ययन गराउने संस्थाले नै व्यहोर्नु पर्नेछ ।